

रवि लामिछाने
रास्वपा सभापति

**उदयमान भारत र आकांक्षी नेपालबीचको नयाँ सम्बन्ध** ३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक–६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३–५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com








❑ वर्ष-२१ ❑ अंक - १५० ❑ २०८३ जेठ २३ गते शनिबार ❑ Saturday, 06 June, 2026 ❑ मूल्य ७ /-


## राप्रपाले दमक नपामा ज्ञापनपत्र बुझाए



**दमक/** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) झापाले शुक्रबार दमकसहित जिल्लाका सबै १५ स्थानीय तहमा एकैसाथ ज्ञापनपत्र बुझाउँदै किसान, मजदुर, सुशासन र विकाससँग सम्बन्धित विषयमा ध्यानाकर्षण गराएको छ ।

सोही क्रममा क्षेत्र नं. ५ (ख) राप्रपा झापाले दमक नगरपालिकालाई १४ बुँदे ज्ञापनपत्र बुझाउँदै किसान, विकास निर्माण, सेवा प्रवाह र सुशासनसँग सम्बन्धित विविध समस्या तत्काल समाधान गर्न माग गरेको छ ।

नगर प्रमुखलाई सम्बोधन गरी बुझाइएको ज्ञापनपत्रमा कृषकका लागि समयमा मल, बिउबिजन र कीटनाशक औषधिको सहज आपूर्ति सुनिश्चित गर्नुपर्ने माग प्रमुख रूपमा राखिएको छ। किसानले उत्पादन गरेका खाद्य तथा नगदे बालीको न्यूनतम समर्थन मूल्य नपाइरहेको भन्दै उचित मूल्य सुनिश्चित गर्न पनि आग्रह गरिएको छ ।

त्यसैगरी, भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको दीर्घकालीन व्यवस्थापन र जग्गाधनी प्रमाण–पत्र वितरणमा तीव्रता दिनुपर्ने माग गरिएको छ। स्वास्थ्य बीमा प्रणालीमा देखिएको अन्योल हटाई सेवा सहज, सर्वसुलभ र झन्झटरहित बनाउन तथा यसअघिको निःशुल्क स्वास्थ्य बीमा निरन्तरता दिन पनि ध्यानाकर्षण गराइएको छ ।

ज्ञापनपत्रमा शिक्षा, स्वास्थ्य र विद्युतमा कर लगाउने हालको नीतिको विरोध गर्दै तत्काल फिर्ता लिनुपर्ने माग गरिएको छ। बजारमा मूल्यवृद्धि तीव्र भएको भन्दै प्रभावकारी बजार अनुगमन, मूल्यसूची अनिवार्य प्रदर्शन र कालोबजारी नियन्त्रण गर्न पनि आग्रह गरिएको छ ।

यसैगरी ग्यास आपूर्ति सहज बनाउन, सिलिन्डरमा कम ग्यास हुने गुनासो नियन्त्रण गर्न कडा अनुगमन गर्नुपर्ने, र नगरभित्रका विकास योजनाहरु समयमै गुणस्तरीय रूपमा सम्पन्न गर्नुपर्ने माग गरिएको छ। बेरूजु रकम नियन्त्रण, असुली प्रक्रिया कडाइका साथ अघि बढाउन पनि ज्ञापनपत्रमा जोड दिइएको छ ।

बाँकी ४ पेजमा ▸▸

## रमा हत्या प्रकरण प्रहरीद्वारा सार्वजनिक

**दमक/** दमक नगरपालिका–८ की २१ वर्षीया रोमा (रमा) तिवारीको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले ३४ वर्षीय भारतीय नागरिक रमेशकुमार पण्डितलाई पक्राउ गरेको छ । उनलाई बिहीबार दमक–५ स्थित डेराबाट नियन्त्रणमा लिएर अनुसन्धान थालेको प्रहरीले शुक्रबार घटनाको विवरण सार्वजनिक गरेको हो ।

१३ जेठ मध्यरातमा भेटघाटपछि भएको लेनदेन विवादले उग्र रूप लिंदा तिवारीको हत्या भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ । प्रहरीका अनुसार पण्डितले हत्यामा संलग्नता स्वीकार गरेका छन् । उनीविरूद्ध जबरजस्ती करणी तथा कर्तव्य ज्यानसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको झापा प्रहरीका निमित्त प्रवक्ता प्रहरी निरीक्षक सुमन बानियाँले जानकारी दिए ।

बाँकी ४ पेजमा ▸▸

### अत्याधिक गर्मीले बालबालिकाहरु बढी प्रभावित

## विद्यालयहरू धमाधम बन्द हुँदै

✎ पूर्वसन्देश समाचार

**दमक/** अत्यधिक गर्मीका कारण विद्यालय सञ्चालनमै असर पर्न थालेपछि तराई क्षेत्रमा जनस्वास्थ्यप्रति चिन्ता बढेको छ । महोत्तरी, कपिलवस्तुसहित देशका विभिन्न स्थानीय तहले उच्च तापक्रमका कारण नगरभित्रका सम्पूर्ण सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयमा बिदा दिने क्रम बढ्दो छ । महोत्तरीमा बर्दिबास नगरपालिका, गौशाला नगरपालिकालगायत अन्य स्थानीय तहले समेत विद्यालय बन्द गरिसकेका छन् । घामको प्रचण्ड रापसँगै बहने तातो हावाले बालबालिकाको स्वास्थ्य चासोलाई ख्याल गरिएर नगर क्षेत्रका सामुदायिक, संस्थागत र धार्मिक विद्यालय बन्द गर्ने निर्णय भएको गौशाला नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीले सूचना जारी गर्दै जनाए। विद्यालय बन्दको निर्णय गर्ने गौशाला र बर्दिबास दुवै जिल्लाका सुदूर उत्तरवर्ती स्थानीय तह हुन् ।

यता झापासहित पूर्वी तराईका जिल्लामा पनि गर्मीले जनजीवन कष्टकर बनाएको छ ।

झापासहित पूर्वी तराईका जिल्लामा लगातार चार दिनदेखि चर्को घाम लागिरहेकाले तापक्रम ३७ डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । गर्मीका कारण विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, अशक्त, बिरामी तथा दैनिक ज्यालादारी मजदुर बढी प्रभावित बनेका छन्। दिनको समयमा घरबाहिर निस्कनसमेत कठिन हुने अवस्था सिर्जना भएको स्थानीयवासी बताउँछन् । अत्यधिक तातो हावाका कारण सर्वसाधारण घरबाहिर ननिस्कन मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

स्वास्थ्यकर्मीहरूका अनुसार पछिल्लो दिनहरूमा डिहाइड्रेसन, टाउको दुख्ने,

बाँकी ४ पेजमा ▸▸

## पाँचथर जिप दुर्घटना, १० जना घाइते

*__फिदिम/__ मेची राजमार्गअन्तर्गत पाँचथरका हिलिहाङ गाउँपालिका ६ भारपा सडक खण्डमा बलेरो दुर्घट्ना हुँदा १० जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी नायव उपरिक्षक अनिष कुमार कर्णका अनुसार घाइते हुनेहरूमा ताप्लेजुङको सिरिजंघा गाउँपालिका–२ की १५ वर्षीया ज्योति भट्टराई, सिरिजंघा ७ की २५ वर्षीया पवित्रा भट्टराई, ११ वर्षीया समिक्षा भट्टराई, ५० वर्षीय दिपेश भण्डारी, पर्सा वीरगञ्ज महानगरपालिका–११ का ४२ वर्षीय मोहम्मद अन्सारी रहेका छन् । यसैगरि, सिरिजंघा गाउँपालिका–४ की ३८ वर्षीया देवीमाया*

बाँकी ४ पेजमा ▸▸

## आयोगको प्रतिवेदनविरुद्ध एमाले अदालत जाने

**दमक/** नेकपा (एमाले) ले राष्ट्रिय मानवअधिकार आयोगको भदौ २३–२४ का घटनासम्बन्धी प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलगायत नेतृत्वलाई दोषी देखाउने नियत रहेको आरोप लगाउँदै अदालत जाने तयारी गरेको जनाएको छ ।

महासचिव शंकर पोखरेलद्वारा शुक्रबार जारी विज्ञप्तिमा प्रतिवेदन र आयोगको जेठ १२ गतेको निर्णयबारे पार्टीभित्र छलफल गरी विभिन्न निष्कर्ष निकालिएको उल्लेख छ। एमालेले संवैधानिक प्रश्न उठेमा न्यायिक पुनरवलोकनका लागि अदालत जाने तथा उपलब्ध सबै कानुनी उपचारका विकल्प प्रयोग गर्ने जनाएको छ । पार्टीले प्रतिवेदनका संवैधानिक, कानुनी र तथ्यगत पक्ष अध्ययन गर्न विज्ञहरूको समूह गठन गर्ने, सरोकारवालासँग छलफल गर्ने तथा आवश्यक परे आयोगसमक्ष पुनरवलोकनको माग गर्ने निर्णय गरेको छ ।

एमालेले प्रतिवेदनमा तथ्यगत, कानुनी र विश्लेषणात्मक कमजोरी रहेको दाबी गर्दै केही सिफारिस संविधान र स्थापित कानुनी सिद्धान्तविपरीत रहेको टिप्पणी गरेको छ। साथै, तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री रमेश लेखक र सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङलाई राजनीतिक रूपमा निषेध गर्ने उद्देश्यले प्रतिवेदन तयार गरिएको आरोप पनि लगाएको छ ।

## कांग्रेसमा म्याद थप

**झापा/** नेपाली कांग्रेसले आफ्नो पार्टीको क्रियाशील सदस्यता अद्यावधिक गर्न अन्तिम पटकका लागि समय थप गरेको छ।

कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालका अनुसार पार्टीको सदस्यता व्यवस्थापन केन्द्रीय समितिको बैठकले आगामी जेठ २८ गते राति १२ बजेसम्मका लागि म्याद थप गर्ने निर्णय गरेको हो।

कांग्रेसले देशभर क्रियाशील सदस्यता अद्यावधिक गर्ने कार्य उत्साहजनक रूपमा अगाडि बढिरहेको जनाएको छ। तर, पार्टीका विभिन्न जिम्मा पाएका तहहरूबाट सदस्यता अद्यावधिक गर्न तोकिएको समय अपुग भएको भन्दै म्याद थप्न अनुरोध आएकाले यो निर्णय गरिएको कार्यवाहक मुख्यसचिव दुलालले स्पष्ट पारे।

“विभिन्न तहबाट सदस्यता अद्यावधिकका लागि समय अपुग भएको जानकारी प्राप्त हुन आएकाले सदस्यता व्यवस्थापन केन्द्रीय समितिको बैठकको निर्णयानुसार यो समयावधि आगामी जेठ २८ गते राति १२ बजेसम्मका लागि अन्तिम पटकका लागि कायम गरेका छौं,’ उनले भने।

## सम्पत्ति विवरण नबुझाउने पक्षमा पूर्वन्यायधीसहरु

**दमक/** सरकारले गठन गरेको सम्पत्ति जाँचबुझ आयोगले पूर्वन्यायाधीशहरूलाई सम्पत्ति विवरण बुझाउन दिएको निर्देशनप्रति पूर्वन्यायाधीश फोरमले कानुनी प्रश्न उठाएको छ ।

फोरमले नेपाल राजपत्रमा प्रकाशित सूचनाको अध्ययनपछि सबै पूर्वन्यायाधीशहरूलाई सम्पत्ति विवरण बुझाउनुपर्ने कानुनी बाध्यता नरहेको निष्कर्ष निकालेको जनाएको छ । फोरमका अनुसार सूचनामा न्यायाधीशका लागि प्रयोग गरिएको 'पदमुक्त भएका वा हटेका' भन्ने शब्दावलीले नियमित अवकाश प्राप्त पूर्वन्यायाधीशलाई समेट्दैन ।

फोरमका महासचिव शम्भुबहादुर खड्काले उक्त शब्दावली विशेष परिस्थितिमा पदबाट हटाइएका वा महाभियोगजस्ता प्रक्रियाबाट पदमुक्त भएकाहरूका लागि मात्र लागू हुने तर्क गरेका छन् ।ोरमले स्पष्ट कानुनी आधारबिना सबै पूर्वन्यायाधीशलाई सम्पत्ति विवरण बुझाउन बाध्य पार्न नमिल्ने भन्दै सम्बन्धित निकायसँग स्पष्टता माग गरेको छ । यसैबीच, सम्पत्ति जाँचबुझ आयोगले भने आफ्नो सूचनाबारे औपचारिक स्पष्टीकरण सार्वजनिक गरेको छैन ।

## रास्वपा नेतृत्वमा खबरदारीको आह्वान

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीलाई सही दिशामा अघि बढाउन नेता, कार्यकर्ता र समर्थकहरूको निरन्तर खबरदारी आवश्यक रहेको बताएका छन्। उनले समर्थकहरूलाई अन्ध समर्थन गर्ने समूह नभई सही–गलत छुट्याउन सक्ने सचेत नागरिकका रूपमा चित्रण गर्दै पार्टीभित्र आलोचना र सुझावको



संस्कृतिलाई संस्थागत गर्नुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीको एक विशेष कार्यक्रममा भारतको नयाँ दिल्लीमा सम्बोध

बाँकी ४ पेजमा ▸▸

## बालबालिकासँग दमक नगर प्रमुख थापा

✎ पंकज दाहाल



**दमक/** दमकको नगर बाल सञ्जालका अगुवा बालबालिकहरू शुक्रबार वडा नं. ६ स्थित पशुपति मन्दिरको तेश्रो तलामा रहेको सभाहलमा खचाखच हुनेगरी भेला भएका थिए । दमकका १० वटै वडाबाट प्रतिनिधित्व हुनेगरी भेला भएका ती बालबालिकाहरूले एकपछि अर्को प्रश्न सोध्दै गए, दमक नगर प्रमुख रामकुमार थापालाई । नगर प्रमुख थापासँग उनीहरूले नगर बाल सञ्जालको आयोजनामा 'बालबालिकासँग नगर प्रमुख' भन्ने विशेष अन्तरक्रिया तथा प्रश्नोत्तर कार्यक्रम राखेका थिए । कार्यक्रमको प्रमुख अतिथि रहेका थापा र सहभागी बालबालिकाहरूले त्यहाँ गरेको प्रश्न र नगर प्रमुख थापाले दिएको उत्तर उत्साहजनक साथै निकै रोचक र घोचक रहेको थियो । कार्यक्रममा बालबालिका हरूले दमक नगरपालिकाले बालबालिकाका सवालमा गरेका गतिविधि, लिएको नीति, नियम र कार्यव्यवहारका बारेमा प्रश्नका माध्यमबाट गुनासोका रूपमा राखेका थिए भने कतिपय सवालमा सुझाव समेत दिएका थिए । त्यसैक्रममा अहिलेको बालेन सरकारले सुकुम्बासी बसेको सार्वजनिक नदी नाला किनारको जग्गामा रहेको डोजर लगाएर खाली गर्छु भनिरहेका बेला त्यहाँ रहेका बालबालिकाको शैक्षिक भविष्यप्रति देखिएको त्रास हटाउन नगरपालिकाले के गरिरहेको छ भनेर सहभागीमध्ये एकले प्रश्न सोधे, जवाफमा नगर प्रमुख थापाले भने– दमकमा अहिलेलाई त्यसरी डोजर लगाउने योजना र कार्यक्रम छैन । तर आफूजस्तै बालबालिकाका लागि तपाईंले देखाएको

बाँकी ४ पेजमा ▸▸

## घरेलु हातहतियारसहित १० जना पक्राउ

*__उर्लाबारी/__ मोरङको पथरीशनिश्चरे नगरपालिकामा घरेलु धारिलो हतियार तथा औजारसहित १० जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।*

*पथरीशनिश्चरे नगरपालिका वडा नम्बर ९ र १० को सिमानामा पर्ने डाँस खोलाको झोलुङ्गे पुल छेउबाट उनीहरूलाई पक्राउ गरिएको हो । इलाका प्रहरी कार्यालय पथरीबाट गस्तीमा खटिएको प्रहरी टोलीले जेठ २० गते राति साढे ११ बजेको समयमा उनीहरूलाई शङ्कास्पद अवस्थामा फेला पारेको थियो। नियन्त्रणमा लिइएकाहरूका साथबाट प्रहरीले कट्टि, खुर्पा, मार्तल, सानो हाते बन्चरो, चेन र भालाजस्ता धारिला हतियार तथा औजारहरू बरामद गरेको छ । पक्राउ पर्नेहरूमा पथरीशनिश्चरे नगरपालिका वडा नम्बर ४ बस्ने १८ वर्षीय एबिन राई, १९ वर्षीय सुप्रिम राई र १८*

बाँकी ४ पेजमा ▸▸


**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ट ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।

**नेपाल सरकार**
विज्ञापन बोर्ड

संस्मरण



# कामसूत्रका पहिलो स्रष्टा होइनन् वात्स्यायन

डा. तुलसी भट्टराई

क्रमागत :

वात्स्यायनको कामसूत्रले 'काम' को प्रयोग, सीमा र सरल र सहज विधिहरू, स्त्री–पुरूष दुवैलाई आनन्द मिल्ने आसनहरूबारे वर्णन गरेको छ । साथै अर्को कुरा पनि छ । "काम' को प्रयोग त प्रकृतिले नै दिएको हो । यो सिद्धान्त हुनुपर्ने होइन । किनभने कृषकले आफ्नो खेतीको बालीनाली जंगली जनावरबाट नष्ट पारिन्छ भनेर खेती लगाउन छोड्दैन । मानिसले काम प्रयोगले रोगव्याधी लाग्छ, शिरमा हानि पुग्छ भनेर प्रयोग छोड्दैन तर यही कुरामा केही सहज, सरल र सुखदायी प्रयोगबारे जानकारी भयो भने कुनै विघ्नवाधा आइपर्दैन भनेर मानिसकै कल्याणका लागि यो कामसूत्र रचिएको हो भनेर ठोकुवा गरेका छन् ।

स्त्री–पुरूषको काम–रतिसुखलाई वात्स्यायनले मानवजीवनको एउटा साधनको रूपमा मानेका छन् । उनले वैवाहिक जीवनलाई सन्तानोत्पतिसँगै सुखी र स्वस्थ एवं मनको समेत शुद्धता र स्वस्थतामा ध्यान दिएका छन् । तर पश्चिमी कामशास्त्रीहरूले मानव जीवनको एउटा प्रमुख साध्यका रूपमा कामसुखलाई मानेका छन् । शरीरको सुख मात्र हेरेका छन् । तर वात्स्यायनले यसलाई तत्वज्ञानका दृष्टिले अध्यात्मसम्म जोड्ने साधन मानेका छन् ।

वात्स्यायनले वैवाहिक जीवनलाई मर्यादित र व्यवस्थित बनाउने साधनका रूपमा कामलाई मानेका छन् । विवाहपछिको जीवनमा कामसुख मिलेन भने जीवन निरस र निरर्थक बन्दछ । आधुनिक शरीरशास्त्रका दृष्टिमा यो कुरा उचित देखिन्छ । पाश्चात्य जगत्मा कामशास्त्रको चर्चा दुई सय वर्षयता मात्र हुन थालेको छ भने पूर्वीय जगत्मा दुई हजार वर्षअघिबाटै काम चर्चा व्याख्या भएको छ । वात्स्यायनले महत्वपूर्ण ग्रन्थ– 'कामसूत्र' रचेर एउटा ठूलो क्रान्तिदर्शी पाइला चालेका हुन् । आज एक्काइसौं शताब्दीमा त "काम' शास्त्रबारे खुलेर चर्चा गर्ने परिस्थिति विकसित भएको छैन भने दुई हजार वर्षअघि नै यस्तो अद्भुत र विचित्रको ग्रन्थ कामसूत्र उनले कसरी लेख्न सके ? यो बडो अनौठो र आश्चर्यजनक कुरा हो ।

यस कामसूत्रको पहिलो अध्यायमा धर्म, अर्थ र काम तीनवटै पुरूषार्थलाई नमस्कार गरिएको छ । यी तत्वबारे ज्ञान गराउने गुरूहरूलाई नमस्कार गरिएको छ । संसारको सृष्टिसँगै मानव सृष्टिपछि यस सृष्टिलाई राम्ररी संचालन गर्न प्रजापति अर्थात्– संसारका रचयिताले नै एक लाख अध्याय भएका महाग्रन्थहरू समेत रचेका थिए । तीमध्ये धर्म सम्बन्धी विषयहरूलाई स्वयम्भु मनुले छुट्याएर अर्को ग्रन्थ 'मनुस्मृति' बनाए । त्यसपछि बृहस्पतिले अर्थशास्त्र सम्बन्धी अध्याय छुट्याएर 'अर्थशास्त्र' को ग्रन्थ रचे । त्यही परम्परा कौटिल्यको अर्थशास्त्रसम्म आइपुग्यो ।

शिवजीका नन्दी नाम गरेका गण–सेवकले कामसूत्र छुट्याएर एक हजार अध्यायभित्र निर्माण गरेका थिए । फेरि श्वेतकेतु भन्ने आचार्यले त्यस एक हजार अध्यायलाई छोट्याएर पाँच सय अध्यायको कामसूत्र तयार पारे । बभ्रु भन्ने अर्का विद्वान्ले त्यस ग्रन्थलाई १५० अध्यायमा सीमित पारे । फेरि बभ्रुका पुत्र वाभ्रव्यले त्यसको पनि संक्षेप गरेर कामसूत्र सार बनाए । तर पछि यो पनि जनसाधारणमा प्राप्त हुन सकेन । त्यसपछि मात्र सबैले बुझ्ने र जान्ने गरी अति संक्षेपमा वात्स्यायनले कामसूत्र बनाएको कुरा वर्णन गरिएको छ ।



# उदयमान भारत र आकांक्षी नेपालबीचको नयाँ सम्बन्ध

✍ रवि लामिछाने

नेपालमा गैर-दलीय पृष्ठभूमिका पेशेवर र राजनीतिक अनुभव नभएका व्यक्तिहरूद्वारा स्थापना गरिएको राजनीतिक दलले चार वर्षभन्दा कम समयमा संसदमा करिब दुई-तिहाइ बहुमत हासिल गर्नु र विश्वकै कान्छो प्रधानमन्त्री निर्वाचित हुनु सामान्य राजनीतिक घटना होइन। त्यसैले नेपालमा के भइरहेको छ र देश कुन दिशातर्फ जाँदैछ भन्नेबारे विश्वव्यापी चासो स्वाभाविक छ। भारतका लागि पनि यो चासो अझै बढी स्वाभाविक हो, किनकि दुई देशबीच १००० माइलभन्दा बढी खुला सीमा छ।

नेपालको यो परिवर्तन सडक हिंसा, सैन्य कू, विदेशी हस्तक्षेप वा संवैधानिक शून्यताबाट होइन, बरू शान्तिपूर्ण र लोकतान्त्रिक "मतपेटिका क्रान्ति" बाट आएको हो। आजको नेपाल अनिश्चित भविष्यतर्फ होइन, बरू समृद्ध र जीवन्त लोकतन्त्रको आकांक्षी मार्गतर्फ अघि बढिरहेको छ। हाम्रो मूल सिद्धान्त राम्रो शासन, जनताप्रति प्रत्यक्ष जवाफदेहिता र विकासमार्फत परिवर्तन हो।

**नयाँ राजनीतिक यथार्थ**

राष्ट्रिय स्वतन्त्र पार्टी (RSP) नेपालको नयाँ राजनीतिक यथार्थ हो, जसले पुरानो राजनीतिक संरचनालाई गहिरो चुनौती दिएको छ। यसले युवापुस्तालाई परिणाममुखी राजनीति तर्फ आकर्षित गरेको छ। हामीलाई थाहा छ, हामीले पाएको मत आक्रोश र आशाको मिश्रण हो, जसले परिवर्तनको जनादेश दिएको छ। हामीसँग विगतको बोझ छैन। हामी पुराना दुश्मनी वा अविश्वासमा बाँधिएका छैनौं। नेपालले भारत र विश्वलाई खुला मन, स्पष्ट दृष्टि र आर्थिक रूपान्तरणको उद्देश्यसहित हेर्दछ।

नेपाल र भारत केवल दुई देश मात्र होइनन्, हामी एउटै प्राचीन सभ्यताको हिस्सा हौं। रामको कथा जनकपुर र अयोध्यालाई जोड्दा मात्र पूर्ण हुन्छ। पाशुपतिनाथ र केदारनाथ जोडिंदा आस्था पूर्ण हुन्छ। लुम्बिनी र बोधगया जोडिंदा सभ्यताको मूल आत्मा प्रकट हुन्छ। तर हामी आत्मसन्तुष्टिमा रम्न चाहँदैनौं। हाम्रो सम्बन्धले के हासिल गर्‍यो भन्दा पनि अब के गर्न सक्छ भन्नेमा ध्यान दिन चाहन्छौं।

**सीमाना होइन, अर्थतन्त्र जोड्ने दृष्टि**

भारतले पछिल्ला दशकमा तीव्र आर्थिक रूपान्तरण गरेको छ, जसलाई हामी सम्मान गर्छौं। नेपाल यस विकास यात्राको साझेदार बन्न चाहन्छ।

रक्सौल-काठमाडौं रेलमार्ग जस्ता परियोजना सम्पन्न भए व्यापार, पर्यटन र आपूर्ति सञ्जालमा क्रान्ति आउन सक्छ। पोखरा र लुम्बिनीबाट दिल्ली, मुम्बई र बेंगलुरूसम्म सीधा हवाई सेवा सम्भव हुनुपर्छ। काठमाडौं-बेंगलुरू डिजिटल करिडोर, प्रविधि साझेदारी र नवप्रवर्तन केन्द्रहरु स्थापना गर्न सकिन्छ।

नेपालमा IIT र AIIMS जस्ता संस्थाहरु स्थापना गर्ने सम्भावना हामी देख्छौं। डिजिटल भुक्तानी, फिनटेक र स्टार्टअप साझेदारीले दुबै देशका युवालाई अवसर दिन सक्छ।

**विकास कूटनीतिको नयाँ चरण**

नेपाल-भारत सम्बन्धलाई भू-राजनीतिक तनावबाट हटाएर विकास कूटनीतिमा रूपान्तरण गर्नुपर्छ। दूतावासहरूलाई लगानी, व्यापार र आर्थिक सहकार्यका केन्द्र बनाउनुपर्छ। नेपालको जलविद्युत् अब घरेलु स्रोत मात्र होइन, भारतको औद्योगिक विकासका लागि हरित ऊर्जा बन्न सक्छ। सीमापार व्यापारलाई आधुनिक, डिजिटल र एकीकृत प्रणालीमा रूपान्तरण गर्नुपर्छ।

टमाटरको मूल्य वा सामानको आवागमन अब प्रशासनिक ढिलाइले होइन, आधुनिक प्रणालीले निर्धारण गर्नुपर्छ। डिजिटल एकीकृत चेकपोस्ट र प्रभावकारी ट्रान्जिट प्रणालीले सीमा होइन, पुल निर्माण गर्नुपर्छ ।

हामीसँग अहिले हाम्रो वैदेशिक नीतिलाई रूपान्तरण गर्न आवश्यक सबैभन्दा ठूलो सम्पत्ति छ–हामी विगतको बोझ बोकेर हिंडिरहेका छैनौं। पुराना कटुताहरूले हामीलाई बाँधेका छैनन्। हामी सार्वभौम सन्धिहरु र जनस्तरका आत्मीय सम्बन्धहरूद्वारा जोडिएका छौं, तर विगतका नेताहरूबीच भएका साना स्वार्थपूर्ण सम्झौता वा मौन समझदारीहरूको जालमा अल्झिएका छैनौं। हामी भारत र विश्वलाई खुला हृदय, स्पष्ट दृष्टि र पारदर्शी उद्देश्यका साथ हेर्छौं–त्यो उद्देश्य हो नेपालको आर्थिक रूपान्तरण।

नेपाल र भारत केवल दुई देश मात्र होइनन्, हामी गौरवशाली र प्राचीन सभ्यताका साझेदार हौं। जनकपुर र अयोध्याबीचको सम्बन्धबिना रामकथा पूर्ण हुँदैन। पाशुपतिनाथ र केदारनाथलाई जोड्दा मात्र आस्थाले पूर्णता पाउँछ। लुम्बिनी र बोधगयालाई एक सूत्रमा बाँध्दा मात्र महान् सभ्यताको मूल आधार साकार हुन्छ।

तर हामीसँग आत्मसन्तुष्टिमा रमाउने सुविधा छैन, न त पुराना र घिसापिटा भनाइहरूको आडमा आफ्ना कमजोरी लुकाउने इच्छा नै छ। हाम्रो सम्बन्धले अहिलेसम्म के उपलब्धि हासिल गर्‍यो भन्नेमा मात्र केन्द्रित हुनुको सट्टा, यसले के-के हासिल गर्न सक्थ्यो र भविष्यमा कस्तो बन्न सक्छ भन्नेमा ध्यान दिएर नयाँ सुरूआत गर्न चाहन्छौं।

**सीमाना मात्र होइन, अर्थतन्त्र जोड्ने लक्ष्य**

जब हामी सीमापार हेर्छौं, हामी आफूलाई नयाँ रूपमा परिभाषित गरेको भारत देख्छौं। पछिल्ला दशकहरूमा पुराना प्रशासनिक जञ्जालबाट मुक्त हुँदै भारत विश्वकै सबैभन्दा ठूलो र तीव्र गतिमा बढिरहेको अर्थतन्त्रमध्ये एक बनेको छ। यो उपलब्धिप्रति हाम्रो सम्मान छ, र त्यसैले हामी विकासका साझेदार बन्न चाहन्छौं।

भारत प्रतिदिन करिब १५ किलोमिटर रेलमार्ग निर्माण गर्दै मेट्रो रेल विस्तारमा विश्व नेतृत्वतर्फ अग्रसर छ। यस्तो अवस्थामा प्रस्तावित रक्सौल-काठमाडौं रेलमार्ग १५० किलोमिटरभन्दा कम दूरीको परियोजना मात्र हो। जुन दिन यी १५० किलोमिटर रेलमार्ग जोडिन्छन्, त्यस दिन व्यापार, पर्यटन, ढुवानी व्यवस्था र क्षेत्रीय सम्पर्कमा क्रान्तिकारी परिवर्तन आउनेछ। नेपाल केवल सीमाना जोड्न चाहँदैन, यी रेलमार्गमार्फत सम्पूर्ण अर्थतन्त्रलाई गतिशील बनाउन चाहन्छ। हामी केवल नयाँदिल्लीतर्फ मात्र हेर्दैनौं; भारतका विभिन्न राज्यहरूमा भइरहेका गतिशील परिवर्तनहरूलाई पनि नजिकबाट अवलोकन गरिरहेका छौं।

भारतको हवाई क्षेत्रले कसरी तीव्र फड्को मारेको छ, हामीले देखेका छौं। त्यसैले पोखरा र लुम्बिनीबाट दिल्ली, मुम्बई तथा बेंगलुरूजस्ता प्रमुख सहरहरूमा सिधा हवाई सेवा किन सञ्चालन गर्न नसकिने? हामी केवल आन्ध्र प्रदेश र तेलङ्गानाले सूचना प्रविधि (आईटी) क्षेत्रमा कसरी सफल पारिस्थितिक प्रणाली निर्माण गरे भन्ने बुझ्न मात्र चाहँदैनौं; हामी काठमाडौं-बेंगलुरू डिजिटल करिडोरको परिकल्पना पनि गर्न चाहन्छौं। गुजरातको औद्योगिक पूर्वाधारबाट हामी प्रेरित छौं; त्यसले सीमाक्षेत्रमा रासायनिक मल उद्योग स्थापना गर्न तत्काल सहकार्यको आधार किन बन्न नसक्ने?

हामी नेपालमा आईआईटी (IIT) र एम्स (AIIMS) जस्ता प्रतिष्ठित संस्थाहरु स्थापना गर्न चाहन्छौं। आज नेपालले भारतका आईटी कम्पनीहरु, स्टार्टअप पारिस्थितिक प्रणाली र विश्वविद्यालयहरूलाई आत्मविश्वासका साथ भन्न सक्छ– "नवप्रवर्तन प्रयोगशाला, इन्क्युबेसन केन्द्र र प्रविधि हब स्थापना गरेर हामीलाई नवप्रवर्तनको साझेदार बनाउनुहोस्।"

हामी आ̂ नो प्रतिभाशाली युवापुस्ता, प्रशस्त स्वच्छ ऊर्जा र विस्तार हुँदै गएको डिजिटल पारिस्थितिक प्रणालीप्रति गर्व गर्छौं। तर भारतको अझ विकसित प्रविधि क्षेत्रबाट थोरै सहयोग प्राप्त भएमा यी क्षमताहरूले अझ ठूलो रूपान्तरण ल्याउन सक्छन्। हामी डिजिटल भुक्तानी, फिनटेक र सीमापार डिजिटल प्लेटफर्महरूमा सहकार्य गर्न चाहन्छौं, जसले दुवै देशका साना उद्यमीहरूलाई सशक्त बनाओस्।

**विकास कूटनीतितर्फको रूपान्तरण**

राष्ट्रिय स्वतन्त्र पार्टी नेपाल-भारत सम्बन्धलाई भू-राजनीतिक तनाव र विवादको भाषाबाट हटाएर विकास कूटनीतिको आधारमा स्थापित गर्न चाहन्छ। हाम्रो मुख्य उद्देश्य कूटनीतिक नियोगहरूलाई लगानी, व्यापार र आर्थिक साझेदारीका प्रभावकारी केन्द्रमा रूपान्तरण गर्नु हो। हामी यस्तो सम्बन्ध चाहन्छौं, जसको प्रत्यक्ष र मापनयोग्य लाभ दुवै देशका सामान्य नागरिकको दैनिक जीवनमा देखियोस्।

नेपालको जलविद्युत् सम्भावना अब केवल घरेलु स्रोत मात्र होइन; यो उदयमान भारतका औद्योगिक करिडोरहरूलाई ऊर्जा दिन सक्ने स्वच्छ र हरित शक्ति हो। त्यसैले खण्डित सीमापार व्यापारको मोडलबाट अघि बढेर एकीकृत र सुदृढ ऊर्जा बजार निर्माण गर्न आवश्यक छ।

टमाटरको मूल्य वा मेसिनरीको ढुवानी अब प्रशासनिक झन्झट र ढिलासुस्तीले निर्धारण गर्नु हुँदैन। त्यसका लागि आधुनिक, डिजिटल प्रविधिमा आधारित एकीकृत जाँच चौकी (आईसीपी) र उन्नत पारवहन करिडोर आवश्यक छन्, जसले कडा सीमाहरूलाई सहज र प्रभावकारी सम्पर्कका पुलमा रूपान्तरण गर्न सकून्। *(भारतीय अंग्रेजी दैनिक हिन्दुस्तान टाइम्सबाट उद्‌त)*

# उज्यालो नेपाल पार्टी संगठन बिस्तारमा

**दमक**/उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले आफ्नो पार्टीलाई देशको सशक्त राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने उद्घोष गरेका छन् । सरकारका काम-कारबाहीप्रति असन्तुष्टि व्यक्त गर्दै उनले जनअपेक्षानुसार काम हुन नसके पार्टीले सशक्त प्रतिवाद गर्ने चेतावनी दिए। पार्टीको आगामी कार्यदिशाबारे प्रष्ट पार्दै अध्यक्ष घिसिङले उज्यालो नेपाल पार्टी सधैं जनताको माझमा रहेर उनीहरूका समस्या र मुद्दालाई प्राथमिकताका साथ उठाउने बताए ।

पार्टीले संगठन विस्तारको विशेष योजना अघि सारेको छ । घिसिङका अनुसार पार्टीले प्रत्येक वडा र गाउँपालिका तहसम्म आफ्नो उपस्थिति मजबुत बनाउन 'उज्यालो अभियान' सञ्चालन गर्ने तयारी गरेको छ। संगठनलाई जरादेखि नै बलियो बनाउँदै आगामी निर्वाचनमार्फत आफ्नो सरकार स्थापित गर्ने लक्ष्य पार्टीले लिएको छ ।

युवा वर्गलाई लक्षित गर्दै पार्टीले रोजगारी सिर्जना र लगानीका क्षेत्रमा नयाँ योजनाहरू ल्याउने प्रतिवद्धता जनाएको छ। युवालाई देशको अर्थतन्त्र र लगानी प्रवर्धनमा कसरी आबद्ध गराउन सकिन्छ भन्ने विषयमा ठोस कार्ययोजना निर्माण भइरहेको उनले जानकारी दिए। घिसिङले भने, 'नयाँको विकल्प पुरानो हुन सक्दैन। नयाँको विकल्प नयाँ नै हुन्छ। त्यो भनेको उज्यालो नेपाल पार्टी हो ।'

घिसिङले सरकार बाहिर रहेर पनि आफ्नो पार्टीले रचनात्मक भूमिका निर्वाह गर्ने बताए। जनतामा व्याप्त निराशालाई चिर्दै देशको समृद्धिका लागि पार्टीले आफ्ना कार्ययोजनासहित सक्रियता बढाउने उनको भनाइ छ ।


# विराटनगरको फोहोर ठेक्का प्रक्रिया विवादमा

**विराटनगर/** विराटनगर महानगरपालिकाको फोहर व्यवस्थापनका लागि आह्वान गरिएको दीर्घकालीन २० वर्षे अवधिको ठेक्का प्रक्रिया यतिबेला विवादमा परेको छ । एकातिर महानगरपालिकाले विगतको खराब प्रदर्शन र आर्थिक बेरूजुलाई कारण देखाउँदै ठेक्का रद्द गरेको छ । उता ठेक्का हाल्ने कम्पनीले भने छनोटको अन्तिम चरणमा पुगेको कम्पनीलाई पूर्वाग्रह राखेर ठेक्का रद्द गरिएको आरोप लगाएको छ ।

विराटनगरको दैनिक १०० टनसम्म निस्किने फोहर व्यवस्थापन गम्भीर विषय हो । महानगरपालिकाका जानकारहरु भन्छन- यो विवाद लम्बिँदै गयो भने भविष्यमा फोहर व्यवस्थापन जटिल बन्न सक्छ ।

महानगरपालिकाले २०८२ चैत ६ गते सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमा विराटनगरको फोहर संकलन, ढुवानी र बिसर्जनका लागि बोलपत्र आह्वान गरेको थियो । जसमा ललितपुरस्थित नेप्सेम्याक सेवा प्रा.लि. ले मात्र ई-बिडिङमार्फत प्रस्ताव पेस गरेको थियो ।

# पोखरा-जोमसोम नियमित हवाई उडान बन्द



काठमाडौं/ पोखरा-जोमसोम नियमित हवाई सेवा बन्द भएको छ। यहाँ उडान भर्ने निजी वायु सेवा कम्पनी तारा एयरलाइन्स र समिट एयरलाइन्सले पोखरा-जोमसोम नियमित हवाई सेवा उडान करिब तीन महिनाका लागि बन्द गरेको जनाएका छन् ।

बर्खायाम, मनसुन, मौसम प्रतिकूलता र पर्यटकीय अफसिजनलगायत कारण यहाँ उडान भर्ने निजी वायु सेवा कम्पनीहरूले पोखरा-जोमसोम नियमित हवाई उडान बन्द गरेको जोमसोम नागरिक उड्यन कार्यालयका प्रमुख दीपक पोखरेलले जानकारी दिए ।

बेनी हुँदै सडकमार्गबाट मुस्ताङ आउने पर्यटकको चहलपहल यथावत रहे पनि पोखरा-जोमसोम हवाई यात्रु घटेका कारण हवाई सेवा बन्द हुने पुगेका प्रमुख पोखरेलले उल्लेख गरे । यहाँ तारा एयरलाइन्सले मे २२ र समिट एयरलाइन्सले जुन २ तारिखदेखि पोखरा-जोमसोम हवाई सेवा बन्द गरेका प्रमुख पोखरेलले बताए ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ

यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# मेचीनगरमा दुई वटा 'सुरक्षित कक्ष' स्थापना

**झापा**/विश्व बैंकको अनुदानमा मेचीनगर नगरपालिकाले लैङ्गिक हिंसाबाट प्रभावित हुनेलाई सेवा प्रदान गर्नका लागि दुई वटा वडामा 'सुरक्षित कक्ष (सेफ स्पेस)' स्थापना गरेको छ ।

नगरमा गत वर्षदेखि गुरूयोजनाको रूपमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि सेवा पहुँच परियोजना लागू भएको छ । जसको एउटा एकाइको रूपमा 'सुरक्षित कक्ष' सञ्चालनमा ल्याइएको नगरपालिकाका महिला, वालवालिका तथा सामाज कल्याण शाखाकी प्रमुख जयन्ती खरेलले बताईन् । मेचीनगरको वडा नम्बर ८ र १५ मा 'सुरक्षित कक्ष' स्थापना गरिएको र नगरभित्र हिंसामा परेका नागरिकले त्यहाँ आएर सेवा लिन सक्ने उनले जानकारी दिईन् । 'सुरक्षित कक्ष' मा हिंसामा परेका खासगरी बालबालिका, किशोरी र महिलाले सुरक्षित आश्रय र मनोपरामर्श प्राप्त गर्नेछन् । जोखिममा रहेका पीडितलाई सुरक्षाका लागि प्रहरी, न्यायका लागि अदालत र उपचारका लागि स्वास्थ्य निकायसम्म पुऱ्याउन त्यहाँका कर्मचारीले सहयोग पुर्याउने उनको भनाई छ ।

हरेक 'सुरक्षित कक्ष' मा हिंसापीडितलाई तत्काल चाहिने सहयोग प्रदान गर्नका लागि एक जना केस मेनेजर, मनोपरामर्शदाता र केस वर्करको नियुक्ति गरिएको छ । समस्यामा परेका बालवालिका तथा किशोरीको पहिचान गरी उनीहरूलाई पहिलो सेवा दिने काम नै केस वर्करको भएको मेचीनगर-८ स्थित 'सुरक्षित कक्ष' की केस वर्कर शान्ति मेहराले बताइन् ।

कोशी प्रदेशमा सबैभन्दा बढी महिला हिंसाका घटना झापामा हुने गरेको प्रहरीको अध्ययनले जनाएको छ । त्यही कारण झापामा हिंसा नियन्त्रण गर्न परियोजना लागू भएको हो।

## स्कुल बससँग मोटरसाइकल ठोक्किँदा दुई युवकको मृत्यु

**झापा**/ झापाको मेचीनगरमा स्कुल बस र मोटरसाइकल एकआपसमा ठोक्किँदा दुई युवकको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार बुधबार अपराह्न करिब ५:२० बजे मेचीनगर नगरपालिका-७ स्थित सञ्जय सिमेन्ट फ्याक्ट्री अगाडि भएको दुर्घटनामा दुई युवकको मृत्यु भएको हो ।

गोमनसरीबाट धुलाबारीतर्फ जाँदै गरेको होलिबेल इंग्लिस बोर्डिङ स्कुलको मे १ क ३९१ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको मे ९ प ९९०४ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएका थिए ।

दुर्घटनामा मोटरसाइकलमा सवार भारतको किशनगञ्ज, गलगलिया निवासी ३२ वर्षीय अजय माझी र मेचीनगर-७ निवासी २१ वर्षीय अजय राजवंशी सख्त घाइते भएका थिए । दुवैलाई उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको भए पनि साँझ ५:५० बजे चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतक दुवैको शव हाल प्रादेशिक अस्पताल भद्रपुरमा राखिएको प्रहरीले जनाएको छ । दुर्घटनामा संलग्न बसका चालक मेचीनगर-११ निवासी ४५ वर्षीय निरेन धिमाललाई इलाका प्रहरी कार्यालय धुलाबारीले नियन्त्रणमा लिएको छ ।

## पुस्तक-साभार

### राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



# राजनीतिसँग राजकाज

✍ रविन्द्र मिश्र

गताङ्क.....

राजनीतिमा आउनुपूर्व उनी पत्रकार थिए । उनले सन् १९८० मा लेखेको हाउ टू बी अ मिनिस्टरलाई कैयौ महत्त्वपूर्ण मन्त्रालय सम्हालेका विपक्षी राजनीतिज्ञ के क्लार्कले पहिलो पटक मन्त्री बनेका सबैलाई पढ्न सिफारिस टिप्पणी गरेका कार्यालयले उक्त पुस्तक सिफारिस गरेको बताइन्छ

रूपमा सुसंस्कृत राजनीति राज नियुक्त हुने देशमा समेत गरेको प्रस्टै बुझ्न सकिन्छ ।

पुस्तकमा मन्त्री कसरी बन्ने मन्त्री बनेपछि मन्त्री बनेपछि काम कसरी सुरुवात गर्ने भएको चलायमान बनाउने, मस्यौदाहरू कसरी तयार पार्ने, बनाउने, मन्त्रिपरिषद् र संसदमा कसरी प्रस्तुत हुने, आफ्ना पार्टी निर्वाचन क्षेत्रसँगको सन्तुलन कसरी कायम गर्ने जस्ता अनेक विषय अत्यन्तै सहायक सिद्ध हुने सामग्री प्रस्तुत गरिएको छ। स्वाभाविक रूपमा बेलायत र नेपालको परिप्रेक्ष्य र सन्दर्भमा आकाश जमिनको अन्तर छ । बेलायतको राजकाजमा शब्द र वाक्य समायोजनका जटिलता होलान् । तर नेपालको राजकाजमा त शब्द ने सिकाउनुपर्ने अवस्था देखियो । दशकौसम्म राजनीति गर्दा पनि कसैले राजकाज शुद्धसँग लेख्न सकेको देखिएन ।

अब के गर्ने ? इमानदार नेतृत्व चयन

केटाकेटीहरूलाई इमानदारी सिकाउन सकिन्छ । तर उमेर पुगिसकेकाहरूलाई इमानदार बन्न सिकाउन सकिँदैन, त्यो आत्मज्ञानबाट प्राप्त हुने गुण हो । विधिको शासनले ठूलो हदसम्म नागरिकहरूलाई इमानदार बनाउन बाध्य तुल्याउन सकिन्थ्यो । तर हामीकहाँ शासन गर्नेहरूबाटै विधि तोडिने गरेको छ । त्यसैले त्यो पनि सम्भव भएन । हाउ टू बी अ मिनिस्टरमा हाउ टू बी अनेस्ट अर्थात् इमानदार कसरी बन्ने भन्ने खण्ड नै छैन । त्यो बेलायती राजनीतिज्ञहरूका लागि गर्न र तिनलाई सक्रिय बनाउन उड्ग चाहिन्छ ।

नभएपछि रवहरू स्वत: लतपतिने नै भए । माल पाएर चाल नपाएपछि के गर्नु भने जस्तै हो । अहिले प्रधानमन्त्री केपी ओली र उनका मन्त्रीहरू राजकाजको ढङ्गमा पूर्ण रूपले चुकेका छन्- विगतका प्रधानमन्त्री र सरकारहरू जस्तै । राजकाजका आफ्नै जटिलता नहुने होइनन् । तर अत्यन्तै सामान्य विषयमा बारम्बार चुकेको देखिएपछि विश्वासहरू आफै टुट्न थाल्छन् ।


उदाहरणका लागि, दुईतिहाइ बहुमतप्राप्त सरकारले आमूल परिवर्तनकारी विकासका केही प्रमुख एजेन्डामा दिनरात केन्द्रित हुनुको साटो सात ओटा तोकिएका ठाउँबाहेक सिङ्गो काठमाडौलाई निषेधित क्षेत्र लागू गर्नमा ऊर्जा खेर फाल्नुपर्थ्यो ? समाजवाद उन्मुख सरकारले आफै उठाउनुपर्ने माग डा. गोविन्द केसीले उठाइदिँदा उनीमाथि त्यसरी जाइलाग्नुपर्थ्यो ? गङ्गामाया अधिकारीबारे सर्वोच्च अदालतले गरेको निर्णय पालना गर्न केले रोकेको थियो ? संस्कृत विश्वविद्यालयका कुलपतिलाई त्यस्तो अपमानजनक ढङ्गबाट व्यवहार गर्न हुन्थ्यो ? साढे चार करोड रूपैयाँको भारतीय सहयोगमा बनेको पुस्तकालय उद्घाटन गर्न प्रधानमन्त्री आफै जानुपर्थ्यो ? अनि चीनलाई दुई ओटा गैडा हस्तान्तरण समारोहमा प्रधानमन्त्री आफै उपस्थित हुने हो ? यो के गाईजात्रा गरेको ? यस्ता विषयमा अल्झिएपछि वास्तविक राजकाजमा स्वत: आँच पुग्ने नै भयो ।

जानकारी

# विश्वकप २०२६ : विश्वका ४८ देशका १२४८ चर्चित खेलाडी







**झापा**/फिफा विश्वकप २०२६ का लागि इतिहासमै धेरै खेलाडी अमेरिका पुग्दै छन् । आफ्नो विश्वकप सपनालाई नजिक तुल्याउन र आफ्नो फुटबल जीवनलाई विश्वकपसहित बिदाइ गर्ने महत्वपूर्ण नामहरूसमेत यो विश्वकपको महाकुम्भमा भाग लिँदै छन् । फिफाले फिफा विश्वकप २०२६ को अन्तिम टोलीको सूची सार्वजानिक गरेसँगै विश्वभर विश्वकपको माहोल उत्कर्षतर्फ अघि बढिरहेको छ । प्रतियोगिता सुरु हुन अब केवल एक हप्ता बाँकी रहँदा विश्वभर चासो र सरगर्मी ह्वातै बढेको छ ।

विश्व फुटबलकै सबैभन्दा रोमाञ्चक चरणमध्ये एक मानिएको यो विश्वकपमा कुल ४८ राष्ट्रका १ हजार २४८ खेलाडीहरूले क्यानडा, मेक्सिको तथा अमेरिकामा हुने कुल १०४ खेलहरूमा आफ्नो उपस्थिति देखाउने छन्। यो संस्करण विश्व फुटबलका लागि ऐतिहासिक मोड साबित हुने अपेक्षा गरिएको छ। पहिलो पटक यति धेरै खेलाडी र यो स्तरको ढाँचामा प्रतिस्पर्धा हुन लागेकाले स्वभाविक उत्सुक्ता देखिएको छ ।


सार्वजनिक गरिएका टोली सूचीहरूले प्रतियोगिताको विशालता र लोकप्रियतालाई झन् स्पष्ट बनाएका छन्। कुल ३५७ खेलाडी यसअघि कम्तीमा एकपटक विश्वकप टोलीमा परेका अनुभवी खेलाडी हुन् भने ८९१ खेलाडीले पहिलोपटक विश्वकप खेल्ने अवसर पाएका छन्। यसले विश्व फुटबलमा निरन्तरता र नयाँ पुस्ताको आगमन दुवैलाई प्रतिबिम्बित गरेको फिफाको भनाइ छ ।


खेलाडीहरूको उमेर समूह पनि निकै रोचक छ । सबैभन्दा पाका खेलाडी स्कटल्यान्डका क्रेग गोर्डन ४३ वर्ष १६२ दिनका छन् भने सबैभन्दा कान्छा खेलाडी मेक्सिकोका गिल्बेर्टो मोरा १७ वर्ष २४० दिनका छन्। प्रतियोगिता सुरु हुँदा २० वर्षमुनिका २२ खेलाडी र ४० वर्ष वा सोभन्दा माथिका सात खेलाडी मैदानमा देखिन सक्नेछन्। साथै, यसअघि विश्वकप जितिसकेका २२ खेलाडी पुन: विश्व फुटबलको सबैभन्दा ठूलो मञ्चमा फर्किएका छन् ।

स्थापित स्टार खेलाडीहरूको पुनरागमनसँगै यो विश्वकपले नयाँ राष्ट्र र नयाँ प्रतिभालाई पनि विश्वसामु चिनाउने अवसर दिएको छ । काबो भेर्डे, कुरासाओ, जोर्डन र उज्बेकिस्तान पहिलो पटक विश्वकपमा सहभागी हुँदै छन्, जसले विस्तारित विश्वकपले विश्व फुटबललाई अझ प्रतिनिधिमूलक बनाएको देखाउँछ ।

विशेष रूपमा उज्बेकिस्तानको पहिलो विश्वकप सहभागिता ऐतिहासिक उपलब्धि बनेको छ। म्यानचेस्टर सिटीका युवा डिफेन्डर अब्दुकोदिर खुसानोभजस्ता खेलाडीहरूले आफ्ना देशवासीहरूको सपना साकार पारेका छन्। नयाँ पुस्ताका अन्य चर्चित खेलाडीहरूमा फ्रान्सका वारेन जाइरे-एमेरी, न्युजिल्यान्डका फिन सुरमन र मोरक्कोका बिलाल एल खानुस उल्लेखनीय छन् । यसैबीच अर्जेन्टिनाका लियोनेल मेसी, पोर्चुगलका क्रिस्टियानो रोनाल्डो र मेक्सिकोका गोलकिपर गिलेर्मो ओचोआले कीर्तिमानी छैटौं विश्वकप खेल्ने तयारी गरिरहेका छन् । सबैभन्दा धेरै चासो र समर्थकहरु यिनै स्टार खेलाडीको प्रदर्शनका लागि प्रतिक्षित छन् ।

सार्वजनिक टोली सूचीले आधुनिक फुटबलको विश्वव्यापी स्वरूपलाई पनि उजागर गरेको छ। विश्वकपमा सहभागी खेलाडीहरू ७१ देशका ४४९ विभिन्न क्लबबाट आएका छन्। तीमध्ये १४ क्लब एएफसी क्षेत्रका, ६ क्याफका, ७ कन्काकाफका, ८ कोनमेबोलका, १ ओएफसीको र ३५ युरोपेली फुटबल महासंघ (यूईएफए) क्षेत्रका छन्।





केही राष्ट्रहरूको टोली लगभग पूर्ण रूपमा घरेलु खेलाडीमा आधारित छ। कतार र साउदी अरेबियाका २६ मध्ये २५ खेलाडी आफ्नै देशको लिगमा खेल्छन्। अर्कोतर्फ काबो भेर्डे, कंगो डीआर, कोट डी आइभोर, कुरासाओ, सेनेगल र उरुग्वेका सम्पूर्ण खेलाडी विदेशी लिगमा आबद्ध छन्।

प्रशिक्षकहरूको पक्षमा पनि रोचक तथ्य देखिएको छ । घानाका मुख्य प्रशिक्षक, पोर्चुगिज रणनीतिकार कार्लोस क्वेरोज लगातार पाँचौं विश्वकपमा टोली सम्हाल्दै छन्। उनले यसअघि २०१० मा पोर्चुगल तथा २०१४, २०१८ र २०२२ मा इरानको नेतृत्व गरेका थिए। लगातार पाँच विश्वकपमा प्रशिक्षकका रूपमा सहभागी हुने उनी बोरा मिलुटिनोभिचपछि मात्र दोस्रो व्यक्ति हुन्।

फिफाका अनुसार सार्वजनिक गरिएका यी टोली सूचीहरूले विश्वकपको वास्तविक भावना झल्काउने र उत्कृष्टता, विविधता र फुटबलमार्फत विश्व एकताको उत्सवलाई प्रतिनिधित्व गर्ने सत्यसँग नजिक छन्।

४८ सहभागी सदस्य राष्ट्रहरूले जुन १ मा बुझाएका पूर्ण टोली सूचीहरू फिफाको वेबसाइटमा उपलब्ध गराएको छ । प्रतियोगिताको नियमअनुसार कुनै टोलीको पहिलो खेल सुरु हुनुभन्दा २४ घण्टाअघिसम्म मात्र गम्भीर चोट वा बिरामीका कारण खेलाडी प्रतिस्थापन गर्न पाइनेछ, यसका लागि फिफाले विशेष अनुमति प्रदान गर्नुपर्ने छ । ●

मनोरञ्जन

# चिलचित्र निर्देशक बनेका पत्रकार विजय पाण्डेलाई शुभकामना



**दमक**/पत्रकार तथा लेखक विजयकुमार पाण्डेले चलचित्र निर्देशन गर्ने भएका छन् । पाण्डेसँगको फोटो सामाजिक सञ्जालमा सेयर गर्दै अभिनेता विपिन कार्कीले आगामी दिनमा सँगै सिर्जना र सहकार्य गर्ने सम्भावनाप्रति थप उत्साहित बनाएको बताएका छन् ।

उनले स्टाटस लेख्दै कार्कीले उक्त भेट केवल औपचारिक भेटघाटमा सीमित नरहेको उल्लेख गरेका छन् । उनले भविष्यमा सँगै अर्थपूर्ण र स्मरणीय काम गर्ने योजनाले आफूमा नयाँ ऊर्जा र उत्साह थपेको बताएका छन् ।

'आजको भेट केवल एउटा भेटघाटमा सीमित रहेन, यसले आगामी दिनहरूमा सँगै सिर्जना र सहकार्य गर्ने सम्भावनाप्रति अझ उत्साहित बनायो । भविष्यमा हामीले सँगै केही अर्थपूर्ण र स्मरणीय कामहरु गर्ने योजनाले मनमा नयाँ ऊर्जा र उत्साह थपेको छ,' कार्कीले लेखेका छन् । पाण्डेलाई अनुभवी, सिर्जनशील र दूरदर्शी व्यक्तित्वका रूपमा उल्लेख गर्दै उनले सहकार्य गर्ने अवसरलाई आ˘नो सौभाग्य ठानेका छन् । 'तपाई जस्तो अनुभवी, सिर्जनशील र दूरदर्शी व्यक्तित्वसँग सहकार्य गर्ने अवसरलाई म आ˘नो सौभाग्य ठान्छु । आगामी यात्राका लागि उत्साहित छु, प्रिय विजय दाइ !' उनले लेखेका छन् ।

चलचित्रको मुख्य भूमिकामा अभिनेता कार्की हुने बुझिएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## दैनिक राशिफल

आज मिति २०८३ साल जेठ २३ गते शनिबार 6 June, 2026 तिथि: षष्ठी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

**मेष** (चु चे लो ला लि लँ ले लो अ): अध्ययनमा सफलता । साथीभाइबाट सरसहयोग ।

**वृष** (इ उ ए ओ वा वि वु वे वो): वैदेशिक यात्राको सम्भावना । मनमा उत्साह बढ्ने ।

**मिथुन** (का कि कु घ ङ छ के को हा): भ्रमणको योग । मिष्ठान्न भोजन प्राप्ती ।

**कर्कट** (चु चे लो ला लि लँ ले लो अ): स्वास्थ्य प्रतिकुल रहने । सावधानी अपनाउनु होला ।

**सिंह** (मा मि मु मे मो टा टि टु टे): आर्थिक सुधार हुने । ब्यापारमा सफलता ।

**कन्या** (टो प पी पँ ष ण ठ पे पो): शत्रु पक्ष सक्रिय । मनोबल उच्च राख्नुहोला ।

**तुला** (हि हु हे हो डा डि डु डे डो): आफन्तजनमा फाटो । स्वास्थ्यमा भने सुधार ।

**वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): मानसम्मानको योग । सामाजिक कार्यक्रम मन जाने ।

**धनु** (य यो भा भी भ धा फा ढ भे): धर्मप्रति आस्था बढेर आउने । मनमा शान्ति छाउने ।

**मकर** (भो जा जी खि खू खे खो गा गी): नयाँ बस्त्र धारणको योग । मनमा कुरा धेरै खेल्ने ।

**कुम्भ** (गँ गे गो सा सी सँ से सो द): मनमा अशान्ति । धैर्य र समन्वय अपनाउनु पर्ने ।

**मीन** (दि दु थ झ ञ दे दो चा ची): अपजस लाग्न सक्ने । सहजकता अपनाउनु उत्तम ।



*विश्व वातावरण दिवसको अवसरमा दमक जेसीजको नवनिर्मित तालिम भवन पसिरमा वृक्षारोपण गरिँदै ।*

# विश्व वातावरण दिवसमा बृक्षारोपण

दमक । विश्व वातावरण दिवसको अवसर पारेर झापाको दमक र कमल गाउँपालिका शुक्रवार वृहत वृक्षारोपण गरिएको छ । नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ झापा क्षेत्र नं. ५, दमक फुटबल एकेडेमी र दमक तेक्वान्दो डोजाङको संयुक्त आयोजनामा वृक्षरोपण गरिएको हो ।

कार्यक्रम अन्तर्गत दमकस्थित आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठानको परिसर तथा कमल गाउँपालिका वडा नं. ५ मा रहेको साधुहोली सिमसार क्षेत्रमा हर्रो, बर्रो, सिरिस, जङ्गल लगायतका विभिन्न प्रजातिका २ सयभन्दा बढी बिरूवाहरु रोपिएका छन्।

साधुहोली सिमसार क्षेत्रमा आयोजित विशेष वृक्षारोपण कार्यक्रम कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईको प्रमुख आतिथ्यता तथा भूतपूर्व सैनिक संघका क्षेत्रीय सभापति गोपाल निरौलाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा आयोजक संस्थाका प्रतिनिधिहरू, टोल विकास संस्थाका प्रतिनिधिहरू, खेलाडीहरु, सञ्चारकर्मी तथा सर्वसाधारणहरुको समेत बाक्लो र उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन नेपाल भुतपूर्व सैनिक संघका क्षेत्रीय सचिव बलराम धिमालले गरेका थिए ।

यसैगरी वातावरण दिवसको अवसरमा दमक जेसीज र नेपाल भारतमैत्री संघ दमकको संयुक्त आयोजनामा दमकमा जेसीजको नवनिर्मित तालिम हल परिसरमा बृक्षारोपण गरिएको हो ।

# भारतीय विदेशनीतिको पुटिनद्वारा प्रशंसा

**एजेन्सी**/ रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भारतलाई 'महान देश' भनेर प्रशंसा गर्दै प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतको स्वतन्त्र विदेश नीतिको खुलेर समर्थन गरेका छन् । उनले संयुक्त राज्य अमेरिकाले रुससँगको सहकार्यका विषयमा भारतमाथि दबाब दिने प्रयासलाई कटाक्ष गर्दै यस्ता कदमहरू अन्तर्राष्ट्रिय तथा द्विपक्षीय सम्बन्धका लागि हानिकारक हुने चेतावनी दिएका हुन् ।

सेन्ट पिटर्सबर्ग इकोनोमिक फोरममा सञ्चारमाध्यमलाई सम्बोधन गर्दै राष्ट्रपति पुटिनले भारतले आफ्नो राष्ट्रिय हितअनुसार सबै देशसँग सम्बन्ध विस्तार गरिरहेकोमा रुस सन्तुष्ट रहेको बताए। उनले भारतलाई 'महान देश' भन्दै यसको कूटनीतिक स्वतन्त्रतालाई स्वाभाविक प्रक्रिया भएको टिप्पणी गरे।

उनले भने, 'भारतले आवश्यक ठानेका देशहरूसँग आफ्ना हितअनुसार अर्थतन्त्र विकास गर्नु स्वाभाविक हो।' साथै उनले भारत विश्वका अग्रणी अर्थतन्त्रमध्ये एक भएको उल्लेख गर्दै उच्च आर्थिक वृद्धिदर प्रधानमन्त्री मोदी नेतृत्वको नीतिगत प्रयासको परिणाम भएको दाबी गरे।

# दमकमा ३० हजार राशीको फुटसल प्रतियोगिता हुँदै

**दमक/** यहाँस्थित स्टेप टु सक्सेस एजुकेसन कन्सल्टेन्सीको आयोजनामा शनिवारदेखि दमकमा दुई दिने अन्तर माध्यमिक तह स्तरिय फुटसल प्रतियोगिता सञ्चालन हुने भएको छ । कन्सल्टेन्सीका अनुसार दमकको विष्ट फूटसल मैदानमा हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको हो ।

कन्सल्टेन्सीले शुक्रवार पत्रकार सम्मेलन गरि प्रतियोगिताबारे तयारी बारे जानकारी दिएको हो । कन्सल्टेन्सीका सञ्चालक रबिन दाहालले प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको र १६ वटा टिमको सहभागिता रहने जानकारी दिए । उनले युवाहरूमा खेलकुदप्रति आकर्षण बढाउनुका साथै उच्च शिक्षाका अवसरबारे जानकारी गराउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए।

प्रतियोगितामा प्रथम हुने टोलीलाई नगद रू. ३० हजार तथा उपविजेता टोलीलाई नगद रू. २० हजार ,ट्रफि तथा प्रमाणपत्र प्रदान गरिनेछ । त्यस्तै, विभिन्न विद्यागत उत्कृष्ठ हुने खेलाडीहरूलाई समेत नगदसहित ट्रफि तथा प्रमाणपत्रद्धारा पुरस्कृत गरिने उनले जनाएका छन् । पत्रकार सम्मेलनमा कन्सलटेन्सीका बालचन्द्र कार्की लगायतको उपस्थिति रहेको थियो ।

### तीन खेलाडीलाई लण्डनको टिकट

प्रतियोगिताको अर्को विशेष आकर्षणका रूपमा सहभागी खेलाडीहरूमध्ये ३ जनालाई गोलाप्रथामार्फत लन्डनका लागि एकतर्फी हवाई टिकट उपलब्ध गराइने छ । उक्त टिकट लन्डनमा अध्ययनका लागि जान इच्छुक विद्यार्थीहरूलाई लक्षित गरि त्यस्तो अवसर उपलब्ध गराईएको सञ्चालक दाहालले बताए ।

# राष्ट्रपति रनिङ शिल्ड कराते: कोशी प्रदेशको उत्कृष्ट प्रदर्शन

दमक । काठमाडौँमा जारी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत कराते विधामा कोशी प्रदेशले उत्कृष्ट प्रदर्शन गर्दै समग्र च्याम्पियन बन्न सफल भएको छ। पुरूष तथा महिला दुवै समूहमा प्रभावशाली खेल प्रदर्शन गर्दै कोशीले १२ स्वर्णका लागि भएको प्रतिस्पर्धामा ३ स्वर्ण, ३ रजत र ३ कांस्य पदक जित्दै अग्रता कायम गरेको हो।

कोशी प्रदेशको महिला टोलीले विशेष रूपमा सानदार प्रदर्शन गर्दै ३ स्वर्ण पदक जितेको छ। हिरा आले मगर (४५ केजी), प्रनिशा नेपाल (५० केजी) र सशिका आले मगर (५५ केजी) ले आ ँना-आ ँना तौल समूहमा स्वर्ण पदक जित्दै प्रदेशलाई गौरव दिलाएका छन्। त्यस्तै, ६० केजी तौल समूहमा प्रकृति गुरूङले कांस्य पदक जितेर टोलीको सफलता थप मजबुत बनाएकी छिन् ।

पुरूषतर्फ पनि कोशीका खेलाडीहरूले उल्लेखनीय प्रदर्शन गरेका छन् । प्रमोद राईले ५७ केजी तौल समूह र काता विधामा गरी २ रजत पदक जितेका छन्। ४७ केजीमा निरोज थापा र ६२ केजीमा पुष्पराजले कांस्य पदक जित्दै प्रदेशको पदक तालिकामा योगदान दिएका छन् ।

कोशी प्रदेशबाट कराते विधामा १२ जना खेलाडीले सहभागिता जनाएका थिए। शुक्रबार दिउँसोसम्मको नतिजाअनुसार करातेमा कोशीको प्रदर्शन सबैभन्दा प्रभावशाली रहँदै समग्र सफलता हात पारेको हो ।

प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव विप्लव घोषले खेलाडीहरूको प्रदर्शनले कोशी प्रदेशको गौरव बढाएको बताउँदै सबै विजयी खेलाडीलाई बधाई तथा शुभकामना दिएका छन् ।

***बालबालिकासँग*.....**चासो र चिन्ताप्रति मेरो पनि सदासयता र समर्थन छ ।' तर नगर प्रमुख थापाको जवाफलाई अर्का एक सहभागी बालकले भने अर्कै ढंगले लिएछन् र ती बालकले जिज्ञासा राखे- यो कार्यक्रम कमेडी च्याम्पियन हो कि सभ्य अन्तरक्रिया । मलाई नगर प्रमुखले दिएको उत्तर सुन्दा त यो अन्तरक्रिया होइन, कमेडी च्याम्पियन जस्तो पो लाग्यो त ?' ती बालकको बुझाइ देखेर नगर प्रमुख थापाले हाँस्दै भने मैले त्यसो भन्न खोजेको होइन, सुकुम्बासी बसोबास भएका बालबालिकाको सवालमा भविष्यमा आउन सक्ने समस्याका विषयमा चासो र चिन्ता व्यक्त गरेकोप्रति समर्थन जनाउँदै त्यस्तो दिन नआओस् भन्ने चाहेको मात्र हो भनेर प्रष्ट पारे । बालबालिकाले सोधेको हरेक प्रश्न र मेयर थापाको जवाफमा सहभागीहरूबाट पटकै पिच्छे करतल ध्वनीका साथ गडगडाहट रूपमा ताली बजेको थियो । यस अर्थमा कार्यक्रम रमाइलो भएको थियो भने पत्रकारहरूको पनि उल्लेख्य उपस्थिति थियो ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिल कुमार निरौला र शिक्षा शाखा प्रमुख प्रविण खड्का भने बालबालिकाहरूको प्राथमिकता र उठेका महत्वपूर्ण समस्या समाधानका सवालहरूका बारेमा डायरीमा टिपिरहेका देखिन्थे । शुरूमा बालबालिकाको अवधारणाका बारेमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाकी महिला विकास अधिकृत जमुना पौडेलले स्लाइड प्रेजेन्टेशन गरेकी थिइन् भने कार्यक्रमको सहजीकरण पत्रकार सुजन गौतमले गरेका थिए । कार्यक्रममा नगरका सामुदायिक विद्यालयमा कक्षा १० सम्मको शिक्षा निःशुल्क भनेपनि कतिपय विद्यालयमा विद्यार्थी तथा अभिभावकबाट चर्को शुल्क असुल भइरहेको भन्दै सहभागीबाट प्रश्न उठेको थियो ।

त्यस्तै बढ्दो जनघनत्वसँगै बालबालिकालाई खेल्ने ठाउँ नभएको प्रश्नमा नगर प्रमुख थापाले त्यसका लागि प्रत्येक वडामा बाल उद्यान र व्यायाशाला बनाइएको जानकारी गराए । हंम्से दुम्से सामुदायिक वनमा बहुउद्देश्यीय पार्क बनाउने योजना अघि सारेको पनि उनले बताए । राजधानी काठमाडौं र मेचीनगरपछि दमक देशकै तेश्रो लागुऔषध दुर्व्यसनको अखडा रहेको तितो सत्य बताउँदै नगर प्रमुख थापाले लागुऔषध ओसारपसार र दुर्व्यसनको समस्या समाधानका लागि विशेष कार्यक्रम ल्याएर टोल टोलमा निगरानी, सचेतना, नियन्त्रण र दोषीलाई कानुनी कारवाही भइरहेको बताए । केही वडाहरू बालमैत्री घोषणा भइसकेको अवस्थामा सिंगो दमक नगरपालिकालाई नै बालमैत्री सुशासनयुक्त बनाउन तिव्र रूपमा कार्य भइरहेको नगर प्रमुख थापाको भनाई थियो । सामुदायिक विद्यालयमा मात्र सेनिटरी प्याड निःशुल्क वितरण गरेर निजी विद्यालयका छात्राहरूलाई विभेद गरिरहेको भन्ने सहभागीको प्रश्नमा नगर प्रमुख थापाले 'त्यो कार्यक्रम संघीय सरकारको भएकाले आफूहरूले खासै केही गर्न नसक्ने' जवाफ दिएका थिए । कार्यक्रम दमक नगर बाल सञ्जालका अध्यक्ष दिवस वाग्लेको अध्यक्षता र सचिव लेलिन गौतमको संचालनमा सम्पन्न भएको थियो ।

**रास्वपा......** गर्दै सभापति लामिछानेले नेतृत्वले गल्ती गरेमा त्यसलाई सच्याउने जिम्मेवारी समर्थकहरूको पनि हुने स्पष्ट पारे। उनले पार्टीले जनतासमक्ष गरेको प्रतिबद्धता पूरा गर्न सबै तहबाट निगरानी र सुझाव आवश्यक हुने बताए ।

लामिछानेले भने, "हामीले केही गलत गर्‍यौं भने सल्लाह र सुझाव दिनुहोला। तपाईंहरूले घर-घरमा पुगेर घण्टी चुनाव चिन्हमा मतदान गर्न आग्रह गर्दा देखाएको विश्वासमा आँच आउने कुनै काम हामीबाट हुँदैन भन्ने प्रतिबद्धता व्यक्त गर्दछु।" उनले रास्वपाभित्र लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउँदै आन्तरिक बहस र आलोचनालाई स्वीकार गर्ने परम्परा विकास भइरहेको उल्लेख गरे ।

***पाँचथर*.....** *भट्टराई, सिरहा लहान नगरपालिका-५ का २३ वर्षीय महेश कुमार कामात, रामेछापको गोकुलगंगा गाउँपालिका-१ का ३० वर्षीय युवराज सुनुवार, भारतको नागाल्यान्डकी २४ वर्षीया योङ्जोय सोन्याक र आसामकी २१ वर्षीया सोनिया मेस घाइते भएका छन् ।*

*। घाइतेमध्ये १५ वर्षीया ज्योती र २५ वर्षीया पवित्राको अवस्था केहि गम्भिर रहेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।*

*झापाको बिर्तामोडबाट ताप्लेजुङको सिरिजंघातर्फ जाँदै गरेको मे.१ ज. १७६६ नम्बरको बोलेरो गाडी शुक्रवार अपराह्न ३ बजे अनियन्त्रित भई सडकबाट करिब २५ मिटर तल खसेर दुर्घटना भएको हो ।*

*घाइतेहरूको उद्धार गरी उपचारका लागि जिल्ला अस्पताल पाँचथर ल्याइएको छ ।*

*बोलेरोमा सवार दुई जना यात्रु भने सकुशल रहेको प्रहरीले जनाएको छ । दुर्घटनापछि चालक इलामको रोङ गाउँपालिका-४ निवासी ४२ वर्षीय तेजु फागोलाई प्रहरी नियन्त्रणमा लिएर अनुसन्धान सुरू गरिएको छ ।*

**घरेलु.....** *वर्षीय रिदम तामाङ छन्। यस्तै वडा नम्बर १० त्रिवेणी चोक बस्ने १९ वर्षीय युजिन राई, १८ वर्षीय अपिल राई र २२ वर्षीय अविशेक थापालाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ। वडा नम्बर ९ का १८ वर्षीय निसान माझी र १८ वर्षीय सुसन ठटाल तथा वडा नम्बर १*

***विद्यालय*....**चक्कर लाग्ने, र गर्मीजन्य थकान जस्ता समस्या लिएर अस्पताल पुग्ने बिरामीको संख्या बढेको छ । विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक र दीर्घरोगीहरु बढी जोखिममा रहेको चिकित्सकहरूले बताएका छन् ।

अत्यधिक गर्मीका कारण सडक, बजार र सार्वजनिक स्थानहरूमा मानिसहरूको चहलपहल घटेको छ। दिउँसोको समयमा यातायात तथा व्यापारिक गतिविधि समेत प्रभावित भएको देखिन्छ। धेरै स्थानमा मजदुरहरूले काम गर्ने समय छोट्याउन बाध्य भएका छन् भने निर्माण क्षेत्रका कामहरु पनि सुस्त बनेका छन् । स्वास्थ्य विज्ञहरूले पर्याप्त पानी पिउन, हल्का र सुती कपडा लगाउन, अत्यधिक घाममा ननिस्कन र आवश्यक परे छायाँमा बस्न सुझाव दिएका छन्। साथै, शारीरिक श्रम गर्नेहरूले समय मिलाएर काम गर्नुपर्ने उनीहरूको भनाइ छ ।

जलवायु परिवर्तनका कारण पछिल्ला वर्षहरूमा गर्मीको तीव्रता बढ्दै गएको विज्ञहरूको विश्लेषण छ। दीर्घकालीन रूपमा हरियाली संरक्षण, वातावरणीय सन्तुलन र सहरी क्षेत्रमा ताप कम गर्ने उपाय अपनाउन आवश्यक रहेको उनीहरूले जोड दिएका छन् । बढ्दो गर्मीका कारण जनस्वास्थ्य, शिक्षा, रोजगारी र दैनिक जीवनमा प्रत्यक्ष असर देखिन थालेको अवस्थामा सरोकारवालाहरूले पूर्वसूचना प्रणाली, स्वास्थ्य सेवा तयारी, सार्वजनिक खानेपानी व्यवस्था तथा समुदायस्तरमा सचेतना अभियानलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएका छन्। विशेषज्ञहरूले अत्यधिक घाममा ननिस्कन, प्रशस्त पानी पिउन, रसिलो खानेकुरा सेवन गर्न र लूबाट बच्ने उपाय अपनाउन सबैलाई आग्रह गरेका छन् ।

***राप्रपाले*.......**नगरपालिकाबाट हुने कर तथा दस्तुरहरु जनमैत्री बनाउन, घर नक्सा पास प्रक्रिया सुलभ बनाउन र निःशुल्क नक्सा पास नीति कार्यान्वयन गर्न पनि माग गरिएको छ । दमक बहुउद्देश्यीय पार्क र चिसापानी-रवि सडक जस्ता दीर्घकालीन विकास योजनालाई प्राथमिकतामा राखी तत्काल निर्माण अघि बढाउन आग्रह गरिएको छ । ज्ञापनपत्रमा यी सबै विषयलाई सम्बोधन गरी स्थानीय सरकारलाई जनउत्तरदायी, पारदर्शी र विकासमुखी बनाउन पहल गर्न नगरपालिकासँग अनुरोध गरिएको छ । ज्ञापनपत्र क्षेत्र नं. ५ ख झापाका अध्यक्ष ताराप्रसाद अधिकारीले नगरप्रमुख रामकुमार थापालाई हस्तान्तरण गरेका थिए ।

**घरेलु....** *शिखर चोक बस्ने १८ वर्षीया आरिया धिमाल र करिब १८ वर्षकै कृपा लिम्बु पनि पक्राउ परेका छन्।*

*हतियारसहित फेला परेका उनीहरूलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय पथरीमा राखिएको छ। पक्राउ परेका सबै जनामाथि थप अनुसन्धान गर्नका लागि जिल्ला प्रशासन कार्यालय मोरङबाट अभद्र कसूरमा पाँच दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मकेन्द्र कुमार मिश्रले जानकारी दिए ।*

***रमा*.........**अनुसन्धानअनुसार पण्डित दमकमा टायल्स र मार्बल जडानको काम गर्दै आएका थिए। घटना राति करिब ११ बजे आरोपीको डेरा नजिकै भएको बताइएको छ । विवादपछि घाँटी थिचेर हत्या गरिएको र त्यसपछि शवलाई कोठाबाट ल्याइएको बोरामा राखी प्याक गरिएको प्रहरीको दाबी छ । हत्या पछि शवलाई भारतीय नम्बर प्लेटको मोटरसाइकलमा राखी दमक-१० स्थित सेतुमारी क्षेत्रको रतुवा खोलाको पुलमुनि फालिएको खुलेको छ । १६ जेठमा स्थानीयले बोराभित्र शव देखेपछि घटना बाहिर आएको थियो ।

प्रहरीका अनुसार आरोपीले घटनापछि मानसिक तनावका कारण १४ जेठ बिहान दमकस्थित पशुपति मन्दिरमा पुगेर प्रायश्चित गर्दै क्षमायाचना गरेका थिए । सीसीटीभी फुटेजका आधारमा अनुसन्धान अघि बढाउँदै प्रहरीले उनलाई पक्राउ गरेको हो । प्रहरीले घटनाबारे थप प्रमाण संकलन जारी राखेको छ भने आरोपीसँग विस्तृत बयान लिने काम भइरहेको जनाएको छ ।


## Discharge Book
## हराएको सूचना

भारतीय फौज 12th BN आसाम राइफल पेन्सनपट्टा ॻ1618 SPR भएका भीम बहादुर क्षेत्रीको Discharge Book झापाको शिवसताक्षीबाट विराटनगर जाने क्रममा मिति २०८३ वैशाख १२ गते बाटोमा हराएको हुँदा भेट्नु हुने महानुभावले निम्न नम्बर तथा नजिक को प्रहरी कार्यालयमा जानकारी गराइदिनु अनुरोध छ ।

**सम्पर्क : ९८५१००९११९८**



## गोदाम भाडामा

दमक-२ स्थित हिमावि. उत्तरमा रहेको निम्न अनुसारका गोदाम भाडामा लगाइदै छ । इच्छुकले सम्पर्क राख्नुहोला ।

**गोदामको विवरण**

| | | |
|---|---|---|
| १) लम्बाई : ४५.५ फिट | चोडाई: १५ फिट | उचाई: २५ फिट |
| २) लम्बाई : ४२.५ फिट | चौडाई : २६ फिट | उचाई २५ फिट |
| ३) लम्बाई : ६८ फिट | चौडाई : ५२ फिट | उचाई ४० फिट |

**सम्पर्क नम्बर : ९८१४०७३८००**



## तेस्रो पटक प्रकाशित सूचना

आम्दा नेपाल अन्तर्गत सञ्चालित आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान, दमकलाई मेडिकल तथा अफिस उपकरण आवश्यक भएकोले खरिदका लागि सूचना नं. २४/AMDA/AIHS/2082-083 पुनः तेस्रो पटक प्रकाशित गरिएको छ । इच्छुक इजाजतप्राप्त आपूर्तिकर्ताहरूबाट शिलबन्दी दरभाउ प्रस्ताव २०८३/०२/२९ दिउँसो ४ बजेभित्रसम्ममा आह्वान गरिन्छ । खरिद प्रक्रिया आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार **आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान/ आम्दा अस्पताल**मा सुरक्षित रहनेछ ।



## जग्गा लिलामसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८३/२/२३ गते शनिबार*

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दस्तुर रकम समेत तिर्न/बुझाउन पटक पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर तरतागेता तथा पत्रिकामा सूचना प्रकाशित गर्दा समेत नतिरी/नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लघन गरेको हुनाले अन्तिम पटक यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा सम्पर्क राखि यस संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण बक्यौता रकम कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दस्तुर रकम समेत) चुक्ता गर्न हुन सुचित गरिन्छ। अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गर्न लिलामी प्रक्रियामा जाने ब्यहोरा सम्बन्धित तपशिलका ऋणी सदस्यलाई यसै सुचनाद्वारा जानकारी गराइन्छ।

**ऋणीको तीन पुस्ते**
ऋणीको नाम : बन्दना भण्डारी
बाबु : इमान प्रसाद ढकाल
पति : विरेन्द्र भण्डारी
वतन : कमल गा.पा.-६
नागरिकता नं. : ८२८३२
ना.प्र. जारी मिति : २०६१/४/२८



**जमानीकर्ताको तीनपुस्ते**
नाम : विरेन्द्र भण्डारी
बाबु : नारायण भण्डारी
बाजे : टठ बहादुर भण्डारी
वतन : कमल गा.पा.-६
नागरिकता नं. : २१८६
ना.प्र. जारी मिति : २०५२/९/२४



**धितो दिएको जग्गाको विवरण :**

| जिल्ला | न.पा./गा.वि.स | वडा नं./नक्सा सिट नं | कित्ता नं. | क्षेत्रफल | जग्गा धनीको नाम |
|---|---|---|---|---|---|
| झापा | मधुमल्ला | ६ ज | ११७४ | २५३.९८ व.मी. | बन्दना भण्डारी |

**श्री नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि.**
कमल-६, झापा


**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल
**कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com